# गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्या : ७ | मिति : २०७५/१०/१४ गते


## भाग-२
## गोदावरी नगरपालिका
## “घ” वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधी, २०७४

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विशेषयज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम गोदावरी नगरपालिका, “घ” वर्ग निर्माण व्यवसायी इजाजत-पत्र कार्यविधी २०७४ रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ।

(क) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था वा प्रदेश सरकार वा गोदावरी नगरपालिकाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई सम्झाउँछ ।

(ख) “निर्माण व्यवसायी” भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय

संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) “इजाजत-पत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै निर्देशिका बमोजिम दिईने इजाजत-पत्र सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले गोदावरी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) “समिति” भन्नाले यस कार्यविधिको दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ) “प्राविधिक” भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षक गर्न नेपाल सरकार, प्रादेशिक तथा गोदावरी नगरपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(ज) “ऐन तथा नियमावली” भन्नाले निर्माण व्यवसाय ऐन,२०५५ र नियमावली २०५६ सम्झनु पर्दछ ।

## परिच्छेद २

## इजाजत-पत्र सम्बन्धी व्यवस्था

**३. इजाजत-पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजत-पत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

**४. नयाँ ईजाजत पत्र सम्बन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसुची -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत-पत्रको लागि गोदावरी नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकिय अधिकृतले दफा(८) को उपदफा(३) बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा देहाय बमोजिमको सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

| | | |
|---|---|---|
| १. संयोजक | - | शहरी पूर्वाधार शाखा प्रमुख |
| २. सदस्य | - | प्रमुख प्रशासकिय अधिकृतले तोकेको प्राविधिक कर्मचारी |
| ३. सदस्य सचिव | - | प्रशासन शाखा प्रमुख |

(३) उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रम्ख प्रशासकिय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागी कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र वापत अनुसूची -३ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची -२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**५. इजाजत-पत्रको अवधि र नविकरण :**

(१) दफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (६) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भएतापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधी समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधी समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधी समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित नगरपालिकाबाट

१ पहिलो संसोधनद्धारा थप

अनुसुची-३ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत-पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको इजाजत पत्र नविकरण गराउन चाहने निर्माण ब्यवसायीले सबै प्रकृया पुरा गरी नविकरण गर्न माँग गरेमा अनुसूची -३ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले इजाजतपत्र नविकरण गरि दिनेछ ।

६. **इजाजत-पत्र खारेजी :** (१) देहायको अवस्थामा समितिको सिफारिसमा नगरपालिकाले निर्माण व्यवसायको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उदेश्ले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा,

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

(३) दफा (५)को उपदफा (३) बमोजिमको म्याद भित्र नविकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा ब्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. **इजाजत-पत्रको प्रतिलिपि दिने :** कुनै निर्माण व्यवसायीले "घ" वर्गको इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची -३ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

८. **निर्माण व्यवसायीको दायित्व :** (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण सम्पन्न गरेको निर्माण कार्यको एक प्रति विवरण अनिवार्य रुपमा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

१. प्राईभेट वा पब्लीक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. कर कार्यलयमा दर्ता भएको प्रमाणपत्र ।

३. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा प्रमाण पत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्यशास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

४. कर्मचारीहरुको योग्यता र नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

---

१ पहिलो संसोधनद्धारा थप

५. फर्ममा पूर्ण समय दिन्छु भनी कर्मचारीसंग भएको करारनामा पेश गर्नुपर्ने ।

६. फर्मसंग रहेका उपकरण पेश गर्नुपर्नेछ । उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्नुपर्नेछ ।

७. उपकरण ठिक छ भनि प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियरिङ्ग एसोसियसनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरको प्रमाणित प्रतिलिपि पेश गरेको हुनुपर्ने छ ।

८. कम्तीमा तपशिल बमोजिमका उपकरण भएको हुनुपर्ने र उपकरणको स्वामित्वको प्रमाणका साथै उपकरण बिमा गरेको हुनुपर्नेछ ।

क) Theodolite/Level Machine (एक सेट)

ख) वाटर पम्प (तीन थान)

ग) भाइब्रेटर (तीन थान)

घ) टिप्पर/ट्याक्टर (एक/एक थान)

ङ) मिक्सर (एक थान)

८.१[1] (क) उपदफा (३) को (८) को (ख) र (ङ) का सामानहरु कृषि प्रयोजनमा प्रयोग हुने सामग्री समेत हुने भएकोले भ्याट बिल नभए पनि मान्य हुनेछ ।

(ख) उपदफा (३) को (८) को (घ) का सामानहरु इजाजत लिने कम्पनीको नाममा आधिकारीक बिल जारी भएको वा सम्बन्धित कम्पनीको नाममा चलान भएको वा मान्यता प्राप्त बैंकमा धितो पास भएको प्रमाण वा विक्रेता कम्पनी र मालिक बिचको सम्झौता पत्र भए मान्य हुनेछ ।

९. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ताभएको मितिले घटीमा दुई वर्ष सम्म बेचबिखन गर्न पाईने छैन ।

१०. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनेछैन ।

## परिच्छेद-४
## विविध

**९. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

**१०. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११. थपघट, हेरफेर वा संसोधन गर्न सक्ने :** "घ" वर्गको इजाजत पत्रमा कुनै फमको नाम हेरफेर, संसोधन वा थपघट गर्नुपर्ने भएमा दफा (४) को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

**१२. बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिईएको मानिने छ ।

**१३. खारेजी :** यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, संघ र प्रदेश कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

---
[1] पहिलो संसोधनद्वारा थप

**अनुसूची -१**
**(दफा ४ को उपदफा (२) संग सम्बन्धित)**

| दरखास्तवालाको फोटो |
|---|

विषय : **इजाजत पत्र पाउँ बारे ।**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
गोदावरी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, अत्तरिया कैलाली
७ नं. प्रदेश, नेपाल ।

यस गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र कार्यविधी, २०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-**

नाम :
ठेगाना :
पोष्ट बक्स नं. : टेलिफोन नं. :
फ्याक्स नं. : ईमेल :

**२. फर्म वा कम्पनीको प्रकृति :**

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ )

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-**

नामथर :
ठेगाना : पोष्टबक्स नं. :
टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

**४. फर्म वा कम्पनीको विवरण :-**

दर्ता नं. : दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

**५. इजाजतपत्र लिन चाहेको वर्ग :-**

**६. सामुहिकरण हुन चाहेको समुह :-**

**७. आर्थिक श्रोतको विवरण :-**

१ पहिलो संसोधनद्धारा थप

| विवरण | रकम | वित्तिय संस्था (बैंकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धती | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

(उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।)

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

१)

२)

(ग) अन्य

(प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपी तथा निजको मंजुरीनामा पेश गर्नुपर्ने छ ।)

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(द्रष्टब्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकलद्धारा प्रमाणित भएको हुनुपर्ने छ ।)

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्बन्धी कामको विवरण | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था प्रगती (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१ पहिलो संसोधनद्धारा थप

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजात :-**

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

**निर्माण व्यवसायीको छाप :**

**दरखास्तवालाको नाम :**
**दस्तखत :**
**मिति :**

(**द्रष्टव्य :-** यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माँग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।)

१ पहिलो संसोधनद्धारा थप

**अनुसूचि - २**

(दफा ४ को उपदफा ४ सँग सम्बन्धित)

# गोदावरी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**अत्तरिया, कैलाली**

**७ नं. प्रदेश, नेपाल**

## <u>इजाजत-पत्र</u>

**फोटो**

इजाजत पत्र नं. :.........................    मिति :-

तपाईको मिति ................................. को दरखास्तमा कारवाही हुँदा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय सञ्चालन गर्न गोदावरी नगरपालिका वडा नं ............................... स्थित कार्यालय भएको प्रो. श्री ................................................. फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

फर्मको नाम :-
व्यक्तिको नाम :-
ठेगाना :-
फोन नं. :-    पूँजी :-
कार्यालय रहेको ठेगाना :-
कार्यालय रहेको बाटोको नाम :-
प्रमाणपत्र जारी मिति :-

**इजाजत पत्र दिने अधिकारीको**
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

### <u>नविकरण</u>

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको मिति | नविकरण दस्तुर भौचर नं. र मिति | फाँटवाला | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफिय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१ पहिलो संसोधनद्धारा थप

## अनुसूची-३

(दफा २ को उपदफा ४ अनुसार)[1]

| क्र. सं. | इजाजत पत्र दस्तुर | इजाजतपत्र नविकरण दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर | इजाजत पत्र नविकरण थप दस्तुर फागुन मसान्तसम्म | इजाजत पत्र नविकरण थप दस्तुर अषाढ मसान्तसम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| | ५,०००/- | ३,५००/- | ५००/- | १,०००/- | ३,५००/- | |

पहिलो संसोधनद्धारा थप

| क्र.सं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | **इजाजत पत्र नामसारी गर्दा** | ७,०००।- |
| | (क) घरेलुबाट कम्पनीको नामसारीको प्रमाण | |
| | (ख) गत आ.व.को करचुक्ता प्रमाण | |
| | (ग) नागरिकता | |
| | (घ) लालपूर्जा (सगोलको भए मन्जुरीनामा) | |
| २ | **इजाजत पत्र ठाउँसारी गर्दा** | १०,०००।- |
| | (क) ठाउँसरी जाने स्थानीय तहको सहमती/अनुमती पत्र | |
| ३ | **इजाजत पत्र खारेजी गर्दा (स्वेछिक)** | २,५००।- |

## अनुसूची ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपकम को नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधी थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क)ठेक्का रकम<br><br>ख) सम्झौता | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम :<br><br>ख) सम्पन्न मिति : | क) अन्तिम ठेक्का रकम :<br><br>ख) सम्पन्न मिति : |

१ पहिलो संसोधनद्धारा थप

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मिति :<br><br>ग) ठेक्का अवधि : | ख) पद :<br><br>ग) हस्ताक्षर<br><br>घ) छाप : | ख) नाम :<br><br>ग) हस्ताक्षर<br><br>घ) निर्णय मिति :<br><br>छापः | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम :<br><br>ख) पद :<br><br>ग) हस्ताक्षर :<br><br>घ) छाप : | ग) सम्पन्न % :<br><br>घ) नाम :<br><br>ङ) पद :<br><br>च) हस्ताक्षर :<br><br>छ) छाप : | ग) नाम :<br><br>घ) पद :<br><br>ङ) हस्ताक्षर :<br><br>च) छाप : | |

आज्ञाले,
खेमराज बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/१२/२३
पहिलो संसोधन कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/१०/१०
प्रमाणीकरण मिति : २०७५/१०/११

१ पहिलो संसोधनद्वारा थप